मधुपर्क

पूर्णाङ्क ५८५ / २०७४ फागुन

वैज्ञानिक

शिव सङ्कल्प

देशको विकास विज्ञानबाट मात्र सम्भव छ।

सानैदेखि सुनेको थियो उसले। विद्यालयमा विज्ञान भन्ने विषयका शिक्षकले सुनाएका थिए यो कुरा उसलाई। त्यतिबेलासम्म साइन्स भन्ने उसले सुनेको थिएन। उतिबेला उसको गाउँमा अङ्ग्रेजी विद्यालयहरू थिएनन्। 'आजका हामी कोपिला भोलि फूल बन्नेछौँ, पढी गुनी ठूलो भै देशको विकास गर्नेछौँ...' यस्तैयस्तै शब्द भएका कविता लेखेर तीन कक्षामा हुँदा सान्त्वना पुरस्कार पनि जितेको थियो उसले। जोशका साथ यो कविता पाठ गरिरहँदा उसको मनमा ठूलो मान्छे भन्नाले वैज्ञानिक भन्ने छाप थियो। उसका विज्ञान शिक्षक बडा प्रगतिशील विचारका थिए। पाठकहरूमा भ्रम नपरोस्, कुनै राजनीतिक सङ्गठनका सदस्य भने होइनन्। काठमाडौँबाट प्रथम श्रेणीमा आईएस्सी गरेर पनि गाउँमा शिक्षक हुन रोजेका थिए उनले। उनैको प्रभाव परेको थियो उसलाई। तिनले केटाकेटीमा ठूलो मान्छे भन्नाले डाक्टर वा इञ्जिनियर मात्र भन्ने अवधारणामा वैज्ञानिक भन्ने पनि जोडिदिएका थिए। वैज्ञानिक भन्नाले सेतो कोट र मोटो चश्मा लगाएको सूक्ष्मदर्शक यन्त्र हेरिरहेको मान्छे थियो उसको मनमा। जसले नयाँनयाँ चिज आविष्कार गर्थ्यो।

उसले अति परिश्रमका साथ पढ्यो। ब्याट्री र नीलो तुथोको मद्दतले स्टिलको चम्चामा तामाको जलप लगाएको प्रयोगले उसको मनमा राम्रै जलप लगाएको थियो भने किलामा तार बेरेर चुम्बक बनाएको प्रयोगले उसलाई चुम्बकलेझैँ आकर्षित गर्थ्यो।

० ० ०

उसले प्रथम श्रेणीमा एसएलसी पास गर्‍यो। एकासी प्रतिशत त्यसताक ठूलो प्रतिशत थियो। युवा पाठकहरू नझुक्किनुहोस्। त्यो ताक विशिष्ट श्रेणीको व्यवस्था थिएन। प्यूठान जिल्लाभरिमा सर्वप्रथम भएको थियो ऊ।

योगबहादुर घर्ती मगरले आज जिल्लाकै नाम राखेका छन्। प्यूठान जिल्लाले आज शिक्षाको क्षेत्रमा फड्को मारेको छ।

जिल्ला शिक्षा अधिकारीले भाषण गरे।

अब राम्रो शिक्षाका लागि दाङ नेपालगञ्ज राखेर पढाउनुपर्ने अवस्था छैन। अलिकति परिश्रम गराउन सकेको भए हाम्रो योगबहादुर बोर्डमा आउने थियो। सकिएन।

हेडसरले नरमाइलो माने।

तैपनि स्कूलको नाम उँचो भयो। उसको अबीर जात्रा भयो। आमाले इन्द्रबेली चामलको खीर पकाएर खुवाइन्। फूलमालाले ऊ पुरियो। रिन काढियो। सुन बेचियो। ऊ काठमाडौँ पुग्यो।

० ० ०

भौतिक शास्त्रका प्राध्यापक कडा थिए। अर्थात् फिजिक्सको प्रोफेसर स्ट्रिक्ट थिए। गाउँतिरबाट आएका विद्यार्थीलाई उनी छेड हानिरहन्थे। अप्टिक्सको क्लासमा प्रश्न सोध्दा प्रोफेसरले योगबहादुरलाई झपारे।

ग्लास स्लाब भनेको के रे ? के हो यस्तो ? भोलि रुलर भनेको के हो ? मैले त देखेकै छैन भनेर पनि सोध्छौ तिमीहरू... बकवास... तिमीहरूको क्वेइसन इन्टरटेन गरेर सकिएला ?

योगबहादुरलाई घोच्यो। अब पढाइको माध्यम अङ्ग्रेजी

भइसकेको थियो । योगबहादुरलाई धेरै मुस्किल पर्‍यो । ठमेलको क्याम्पस नजिक पर्छ भनेर सामाखुशीमा डेरा लिएको उसले नियमित कक्षा लिए पनि क्याम्पसमा पढाएको बुझ्न सकेन । अझ अलि दिनपछि त कक्षा पनि कम कम हुन थाल्यो । सय–डेढ सय जना भरी हुने कक्षामा मुस्किलले दश–पन्ध्रजना आउन थाले । अरूहरू प्राक्टिकलमा मात्रै आउँथे । पछि सोध्दा उसले थाहा पायो, पढाइ त बागबजारतिर हुँदोरहेछ । ऊ पनि बागबजार धाउन लाग्यो ।

योगबहादुर, भोलिबाट क्लास नआउनु, आउन मन भए फी लिएर आउनु,

बागबजारका कोचिङ मास्टरले थर्काए । उसलाई धेरै नरमाइलो लाग्यो । शहर उसले सोचेजस्तो थिएन । न त विज्ञानको पढाइ नै । काला अक्षर नै घोक्नुपर्थ्यो यहाँ पनि । उसले प्रयोग गरेर सिक्न धेरै कम पायो तर योगबहादुरका आँखामा सपना थिए । उसलाई जसरी पनि वैज्ञानिक बन्नु थियो । देशको विकास गर्नु थियो । आमाका सुनले योगबहादुरलाई पुगेन । योगबहादुरका बाले पाखो बारी बेचे ।

० ० ०

धेरैथरी मान्छे भेट्यो योगबहादुरले कलेजमा । शहरको स्कूलमा पढेकाहरू फरर्र अङ्ग्रेजी बोल्थे । उसलाई बुझ्न हम्मेहम्मे पर्थ्यो । तिनीहरू अङ्ग्रेजी गीतका गायकको कुरा गर्थे, बास्केटबलको कुरा गर्थे, क्रिकेटका कुरा गर्थे, जनरल नलेजका कुरा गर्थे, आईएस्सी सकेपछि डाक्टर र इञ्जिनियर पढ्न पाइने स्कलरशीपको कुरा गर्थे । उसले बुझ्थेन ।

अर्काथरी मान्छे उसलाई फलानो रङ्गको झण्डा बोक भन्थे । 'आज यो दाइ आउँदै हुनुहुन्छ, भोलि त्यो दिदीको भाषण छ' भन्थे उनीहरू । उसले त्यो पनि बुझ्थेन ।

कहिलेकाहीं गोरो सोझो केटो देखेर राम्री केटीहरू आएर 'आज बालाजुतिर जाने ?' भन्थे । त्यो कुराचाहिँ उसले बुझे पनि उसको खल्तीले बुझ्थेन ।

तर ती कसैले पनि वैज्ञानिक हुने अथवा देशको विकास गर्ने कुरा गरेनन् ।

'आईएस्सी सकेपछि के गर्ने ?' भनेर सोध्थे उनीहरू ।

'म वैज्ञानिक बन्छु' योगबहादुरले भन्थ्यो । गलल्ल हाँस्थे उनीहरू ।

कुनैकुनै शिक्षकले भने उसलाई माया गर्थे ।

'किताबको ज्ञानले मात्र पुग्दैन र क्याम्पसको पढाइले मात्र पुग्दैन योगबहादुर, बाठो बन, अङ्ग्रेजी सुधार । पहिलेपहिले म पनि तिमीजस्तै थिएँ ।'

बोटनीका प्रोफेसर ज्ञवालीले योगबहादुरलाई ज्ञान दिए । तिनले योगबहादुरको सपनालाई हाँसोमा उडाएनन् । तिनले योगबहादुरलाई आईएस्सी सकेपछि बायोटेक्नोलोजी पढ्न सुझाव दिए ।

लामखुट्टेको टोकाइ सह्यो उसले । झुल किन्न भनेर छुट्याएको पैसाले दश ब्याण्डको रेडियो किन्यो । मट्टीतेलको स्टोभमा दम दिँदै सर्टवेभमा बीबीसी विश्वसेवा सुन्यो । अंग्रेजी पत्रिकाको ग्राहक बन्यो । काठमाडौँका विभिन्न पुस्तकालयको सदस्य बन्यो । ज्ञानगुनका धेरै कुरा सिक्यो । जसोतसो टुप्लुक्क आईएस्सीमा प्रथम श्रेणी टेक्यो उसले । उसलाई डाक्टर बन्नु थिएन । उसलाई वैज्ञानिक बन्नु थियो । योगबहादुर अटल थियो ।

० ० ०

शहरकै एक निजी कलेजबाट बायोटेक्नोलोजी गरिसक्दा नसक्दै योगबहादुरले साइन्स र रिसर्च कम बुझे पनि देश र समाज धेरै बुझिसकेको थियो । उच्च अध्ययनका लागि छात्रवृत्तिका लागि अनेक प्रयास गर्दा पनि केही नलागेपछि उसले गाउँ फर्कने विचार गर्‍यो तर सातसात वर्ष काठमाडौँ बसेर उसले सिध्याएको घरको सम्पत्ति सम्झ्यो । बाउको उदास अनुहार सम्झ्यो । आमाका बुच्चा नाक र कान सम्झ्यो । ऊ गाउँ फर्कन सकेन । बोर्डिङ स्कूलमा र ट्युसन पढाएर उसले पेट पाल्यो । काठमाडौँ छाडेन । धेरै प्रयासपछि जापानमा एग्रिकल्चरल बायोटेक्नोलोजी पढ्न छात्रवृत्ति पायो योगबहादुरले । उसले अनेक परिश्रम गरेर सिकेको अङ्ग्रेजीले उसको विश्वविद्यालयमा काम गरेन । एक वर्ष अतिरिक्त नष्ट गरेर जापानी भाषा सिक्यो उसले । एक वर्षमै भाषामा राम्रो दख्खल बनाएपछि योगबहादुरले बुझ्यो भाषा केवल माध्यम रहेछ । जति धेरै भाषा जान्यो उति राम्रो तर गौरव भने आफ्नै भाषामा हुँदोरहेछ । देश समृद्ध हुन महत्त्वपूर्ण रहेछ ।

० ० ०

चिल्ला सडक र अग्ला घरहरू अब विपना थिए । संसारकै सबैभन्दा ठूलो र महँगोमध्येको शहरमा थियो ऊ । बिजुलीका कहिल्यै कल्पना नगरेका यन्त्रहरूको प्रयोग उसका लागि सामान्य बने । विश्वकै तीव्रतम् गतिका रेलको यात्रा, उच्च सुविधासम्पन्न प्रयोगशालामा नित्य नयाँ परीक्षण उसका दैनिकी बने । भौतिक समृद्धिको चरम देख्यो उसले । मान्छेहरू अति परिश्रमी थिए । कतिपय अवस्थामा यन्त्रवत् लाग्थे । 'तिनीहरू खुशीचाहिँ कति थिए ?' भन्ने योगबहादुरले भेउ पाउन सकेन ।

उसको प्रयोगशालामा अधिकांश वस्तु स्वचालित थिए तर पनि कतिपय मुख्य कुराहरू हातैले गर्नुपर्थ्यो । नेपालकै परम्परागत धान इन्द्रबेलीको नयाँ प्रजातिको विकासका लागि डीएनएमा गर्न सकिने सम्भावित परिवर्तनको विषयमा उसको अनुसन्धान थियो । युरोपका अन्य दुई तथा अमेरिकाको एक विश्वविद्यालयको सहकार्य थियो उसको काममा । वैज्ञानिक जर्नलमा प्रकाशित भएका नवीनतम शोधहरू उसको कम्प्युटरमा उपलब्ध थिए । योगबहादुरले प्रशस्त पढ्यो । पढ्नु अनुसन्धानको पूर्वकार्य मात्र रहेछ । तिनमा आधारित रहेर नयाँ काम गर्नुपर्ने रहेछ । नैतिकवान् हुनु अनुसन्धानको मुख्य पूर्वशर्त रहेछ । विश्वविद्यालयको काम दक्ष जनशक्ति उत्पादन गर्ने भनेर बुझेको योगबहादुरले विश्वविद्यालयको मुख्य काम ज्ञानको अभिवृद्धि रहेछ भन्ने बल्ल बुझ्यो । उसैका अनुसन्धानपत्रहरू नाम चलेका जर्नलमा निस्के । उसले मास्टर्स गर्‍यो । पीएचडी गर्‍यो । योगबहादुरलाई यो सबै मन लगाएर सिक्नुथियो । आफ्नो देशमा प्रयोग गर्नु थियो ।

'तिमी जबसम्म आफ्नो संस्कृतिमा गर्व गर्दैनौ तबसम्म तिम्रो देश विकसित हुन सक्दैन ।'

'जबसम्म युवाहरूले आफ्नो भाषामा प्राविधिक शिक्षा पाउँदैनन्, व्यक्तिहरू अगाडि बढ्लान् तर देश अगाडि बढ्न सक्दैन ।

प्रोफेसर नाकामुराले जापानी भाषामा भने । योगबहादुरलाई चसक्क घोच्यो । 'एक पुस्ताले कठिन परिश्रम गर्नैपर्छ ।' उसलाई दिव्यज्ञान खुल्यो । 'एक पुस्ताले मात्र किन ? पुस्तौँपुस्ताले परिश्रम गर्नुपर्छ ।' उसले दिव्यज्ञानलाई अझ परिष्कृत बनायो ।

पोष्ट डक्टरेटको अवसरलाई मात्र होइन ल्याबोरेटोरीमा

गजल

शान्ति शर्मा

तिमीसँग आँखा जुधे तीर लाग्यो मलाई
तिम्रा आँखा कतै लुके पीर लाग्यो मलाई ।

भाग्य बनाउनलाई मेरै हात काफी भन्थें
हातैलाई आदेश दिने तक्दिर लाग्यो मलाई ।

'मेरी रानी' वाचा कसम भन्यौ रैछ गाना
हजार मुटु छाम्ने मुसाफिर लाग्यो मलाई ।

गुलाब दियौ मुटुजस्तै मानें तर सुक्यो
घाइते याद फलामको जन्जिर लाग्यो मलाई ।

हुरी चल्छ, आशा ढल्छ, आगो मात्रै बल्छ
मसानघाट आफ्नै मनमन्दिर लाग्यो मलाई ।

◆ *तीनकुने, काठमाडौं*

सँगै काम गर्ने डा. मासायोको सँगै जिउने बाँच्ने प्रस्तावलाई पनि चटक्कै छोडेर योगबहादुरले स्वदेश फर्कने निर्णय गऱ्यो । हुन पनि उसले आठआठ वर्ष विदेशमा बिताइसकेको थियो ।

० ० ०

योगबहादुरले विश्वविद्यालय चहाऱ्यो । अनुसन्धान केन्द्र चहाऱ्यो । निजी कम्पनीहरू पनि चहाऱ्यो । उसले काम पाउन सकेन । दुई वर्ष बितेपछि उसले विश्वविद्यालयमा आंशिक पढाउने जागिर पायो । त्यहाँ उसका लागि अनुसन्धानको वातावरण थिएन । ऊ सरकारी र निजी दुबैखाले अनुसन्धान केन्द्रमा पालैपालो सऱ्यो । त्यहाँ पनि उसको मन रमाएन । त्यहाँ प्रयोगशाला त थियो यन्त्र थिएनन् । जहाँ यन्त्र थिए ती वर्षौंदेखि नचलेका थिए । जहाँ नयाँ यन्त्र थिए तिनका लागि आवश्यक रसायन थिएनन् । जहाँ सबै थिए त्यसलाई चलाउन अनुमति लिने प्रक्रिया पूरा गर्न छ महिना लाग्थ्यो । जहाँ सबै सरल थियो त्यहाँ उसले गरेको कामको नाम पाउँथेन । जहाँ नाम पाउँथ्यो त्यहाँ जति तलब बुझें भनेर उसले सही गर्थ्यो त्यसको आधा मात्र पाउँथ्यो । आफैंले लगानी गरेर अनुसन्धान केन्द्र पनि खोल्यो उसले तर सरकारी अनुमति, कर आदिको जञ्जाल चिर्न सकेन । उसका पैसा मात्रै सकिए ।

० ० ०

उसले आफ्ना क्षेत्रका अग्रजहरूलाई भेट्यो । आफ्ना क्षेत्रका राजनीतिक नेतालाई भेट्यो । एक जनाले उसलाई कृषि मन्त्रीको वैज्ञानिक सल्लाहकार बनाइदिए । उसले 'रैथाने प्रजातिको धानको विकास र संरक्षणसम्बन्धी योजना' देशभर लागू गर्ने योजना बनायो तर छ महिनापछि उसको जागिर खुस्कियो । जागिर खुस्किए पनि आफूले थालेको काम नरोकियोस् भनेर उसले नयाँ मन्त्रीलाई अनुनय-विनय गऱ्यो ।

'डाक्टर साहेब जापानमा पढेको भन्दा जर्मनीमा पढेका वैज्ञानिक राख्ने हाम्रो सरकारको नीति छ । नयाँ सल्लाहकारका अनुसार तपाईंको योजना प्रतिगामी रहेकाले तत्काललाई लागू गर्न नसकिने भयो । माइण्ड नगनुहोला ।'

नयाँ कृषिमन्त्रीले धान दिवसको भाषणपछि उसलाई खुसुक्क भने ।

उसलाई आफू वैज्ञानिक भएको कुरामा पत्यार परेन । तीन वर्ष यसरी यताउता हल्लिएपछि उसले गाउँ फर्कने निर्णय गऱ्यो ।

० ० ०

योगबहादुरले गाउँ फर्केर बिहे गऱ्यो । बाख्रा पाल्यो । भैंसी पाल्यो । अर्काको बारीमा मकै र कोदो छऱ्यो । साहुको बिग्रेको खेत सजेर उसले इन्द्रबेली धान लगायो । तरकारी खेती गऱ्यो । जडीबुटी लगायो । निरन्तरको परिश्रमले पाँच वर्षमा आफ्नै पाखो बारी पुनः किन्यो, आमालाई फेरि गहना किनिदियो । आफैं पढेको स्कूलमा पढाउन लाग्यो योगबहादुर । जहाँबाट शुरु भएको थियो, त्यहीँ आइपुगेको थियो उसको जीवन ।

एक दिन उसले पत्रिकामा खबर देख्यो नेपाली धान इन्द्रबेलीको नयाँ प्रजातिको विकासमा नेपाली मूलका जापानी वैज्ञानिक डा. भोगेन्द्र तथा उनकी जापानी पत्नी डा. मासोयाका सफलताको खबर थियो त्यो । डा. मासोयाले उसैको जुनियर अर्को नेपाली भोगेन्द्रसँग बिहे गरिछ । उनीहरूले त्यसको पेटेण्टको समेत लिएका थिए । योगबहादुरलाई एक चरण झनक्क रिस उठ्यो । ऊ पुनः काठमाडौं आयो । आफ्नो गाउँको धानको पेटेण्टको लाभ स्थानीयले पाउनुपर्छ भनी उसले पैरवी गऱ्यो । यसपालिका मन्त्रीले उसलाई सहयोग गरे । कृषि मन्त्रालय, विज्ञान मन्त्रालय र परराष्ट्र मन्त्रालयको विशेष पहलमा यो पेटेण्टको लाभ स्थानीयलाई दिलाउन पहल भयो । विश्वका परस्परमा प्रतिस्पर्धी सञ्चारमाध्यमले यो विषयलाई उराले । विश्वभरि यो विषयमा हङ्गामा भयो । योगबहादुर नायक भयो । पेटेण्टमा उसको नाम पनि जोडियो । उसको गाउँलाई नमुना गाउँ मान्दै इन्द्रबेली धानको स्थानीय प्रजातिको संरक्षणका लागि नेपालभरि योजना बन्यो ।

० ० ०

आज योगबहादुरले आफ्नै गाउँको आफ्नै निर्देशक भएको अनुसन्धान केन्द्रको परिसरबाट परपरसम्म लटरम्म झुलेको इन्द्रबेली धान हेऱ्यो । उसलाई आज पहिलो पटक वैज्ञानिक भएको अनुभूति भयो । ■